# सुरक्षित वैदेशिक रोजगारी ई-बुलेटिन

वैदेशिक रोजगार बोर्ड सचिवालयको प्रकाशन

वर्ष १ अंक ३ (मंसिर-पौष) २०७६


## अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस डिसेम्वर १८, २०१९ सम्पन्न

सीप र रोजगार: आर्थिक समृद्धिको आधार भन्ने मूल नाराका साथ अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस मिति २०७६/८/२५-९/२ ( डिसेम्वर १२ देखि १८, २०१९ ) सम्म सप्ताहव्यापी रुपमा विविध कार्यक्रम गरी मनाईएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित,मर्यादित र उपलब्धिमूलक वनाउन स्थानीय तह, प्रदेश,नेपाल सरकार तथा नागरिक समाजका सरोकारवाला पक्षहरुसंग अन्तरक्रिया तथा छलफल गरिएको थियो ।




डिसेम्वर १८ को उपलक्ष्यमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूले दिनुभएको शुभकामना मन्तव्य गोरखापत्रमा प्रकाशित भएको थियो । साथै दिवस अवधिभर सञ्चार माध्यमहरुबाट वैदेशिक रोजगार सम्बन्धी विभिन्न सचेतनामूलक र जानकारीमूलक सूचना तथा सन्देशहरु प्रसारण हुनुका साथै आप्रवासी कामदार दिवस सर्न्दभमा तयार गरिएको राष्ट्रिय पत्र मध्यान्ह दैनिकमा प्रकाशन गरिएको थियो ।




अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस भव्यताका साथ सफल बनाउन माननीय श्रम रोजगार तथा समाजिक सुरक्षा सचिवज्यूको अध्यक्षतामा सम्बन्धित सरकारी निकाय, वैदेशिक रोजगारीको क्षेत्रमा काम गर्ने व्यवसायी, गैरसरकारी संघसंस्थाहरुकोसक्रिय सहभागिता रहेको थियो । अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस, २०१९ डिसेम्बर १८ लाइ सफल गराउननेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ(FEONA)को आयोजनामा कामदारका लागि रेमिट्यान्समा आधारित वित्तीय साक्षरतामा अभिमुखीकरण तालिमको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।



सो कार्यक्रममा कार्यपत्र प्रस्तोताहरु राष्ट्र बैक उपनिर्देशक, भागवत आचार्य,NNSM महासचिव श्री कृष्ण न्यौपाने, र FEONA उपाध्यक्ष श्री विष्णु गोपाल गडतौलाले प्रस्तुत गर्नुभएको थियो।

## कोमामा रहेका कामदारको उद्धार तथा उपचार

संयुक्त अरब ईमिरेट्सको दुवईमा वैदेशिक रोजगारीमा रहेका कुमार फुकामीको उद्धार गरी नेपाल झिकाई निजको उपचारका लागि रु ३ लाख उपचार खर्च उपलब्ध गराईएको छ।

## सचिवालयले कल्याणकारी कार्य अन्तर्गत सम्पादन गरेकाकामको विवरण

### तालिका

| सि.नं. | क्रियाकलाप | २०७६ मंसिर र पौष महिनाको | | | श्रवाण देखि पौषमसान्त सम्म |
|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | कुलजम्मा |
| १ | मृतककामदारका परिवारलाई आ.स. | ४ | १७५ | १७९ | ४३० |
| २ | अंगभंग/विरामीभएकाकामदारलाई आ.स. | ३ | ५४ | ५७ | १७७ |
| ३ | कामदारका परिवारलाई औषधोपचार सहयोग | ० | ४ | ४ | १२ |
| ४ | उद्दारका लागि सम्बन्धितनियोगमापत्राचार गरिएको | ० | ९ | ९ | ४० |
| ५ | शवफिकाउनकालागिपत्राचार गरिएको | ० | १७ | १७ | ८० |
| ६ | मृतकको शव घर ठेगाना सम्म शव ढुवानी गरिएको | २ | १२४ | १२६ | ३७८ |
| ७ | अभिमुखीकरण तालिमवापतको रकमशोधभर्ना | ५९ | ० | ५९ | ९९७ |
| | कुल | ६८ | ३८३ | ४५१ | २११४ |

### चार्ट



## सुरक्षित वैदेशिक रोजगारका लागि सरोकारवालाबीच अन्तर्क्रिया कार्यक्रम सम्पन्न




वैदेशिक रोजगारलाई सुरक्षित व्यवस्थित तथा मर्यादित बनाउने विषयमा मिति २०७६/०९/२३ का दिन सरोकारवाला पक्षहरुको सहभागितामा एक उच्चस्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।



माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न यसकार्यक्रममा  राष्ट्रिय योजना आयोगका माननीय सदस्य रामकुमार फुयाल, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव विनोद के. सी लगायत उच्चस्तरका सरकारी पदाधिकारी तथा विकास साझेदार संस्थाहरुको सहभागिता रहेको थियो ।



कार्यक्रममा वैदेशिक रोजगारका नविनतम् परिवेश र सुधारका प्राथमिकता, विप्रेषणलाई औपचिरक माधेयामवाट मुलुकमा भित्र्याउने र उत्पादनमूलक प्रयोगलाई प्रोत्साहन गर्ने एवं वैदशिक रोजगारीका लागि गन्तव्यमूलूक र श्रमिकको सेवा शुल्क सम्बन्धमा अपनाउनुपर्ने रणनीतिका विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

## कल सेन्टर

वैदेशिक रोजगारी सम्बन्धी जानकारी, गुनासो तथा समस्या सुन्ने एवम्वैदेशिक रोजगारी सम्वन्धी सूचना तथा जानकारी उपलब्ध गराउनुका साथै गुनासो तथा समस्या सम्बोधनका लागि सम्बन्धित निकायमा सिफारीस र आवश्यक समन्वयका लागि सञ्चालित कल सेन्टरमा टेलीफोन, फेसवुक भाईवार इमो तथा फेसवुकवाट सेन्टरमा यस अवधिमाआएका उजुरी तथा गुनासोको विवरण यस प्रकार रहेको छन् ।




यस अवधिमा कूल ४००७ वटा गुनासो तथा उजुरी कल सेन्टरमा प्राप्त भएकोमा सम्बन्धित निकायवाट समाधानको प्रक्रियामा रहेको छ ।

## कल सेन्टरका निशुल्क नम्वरहरु

(देशभित्रबाट निशुल्क सम्पर्कका लागि )

१११४१

**टोल फ्रि नं १६६००१५००००५**

(विदेशबाट वा सिधा सम्पर्कका लागि )

**टेलिफोन+९७७ ०१ ५९७०००८**

**Viber** +९७७९८०१८०००१३
**Facebook** facebook.com/molcallcenter
**Twitter** twitter.com/mol_callcenter
**Email:** callcenter@fepb.gov.np

**सम्पर्क४२२०३११,४२०२८८ फ्याक्स ४२२०५४३ इमेलinfo@fepb.gov.np वेवसाईड www.fepb.gov.np**